"Partnership for Urban Governance"
DAO Regd. No. 2/054/55 NDA-2018

# नेपाल नगरपालिका संघ
# Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

Ref. ०७७/७८-२६६

मिति: २०७८/०१/१५

श्री माननीय अर्थमन्त्री बिष्णु पौडेलज्यू
नेपाल सरकार, अर्थ मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

**बिषय: आर्थिक वर्ष २०७८/७९ को निती, कार्यक्रम तथा बजेटका लागि सुझाव सम्बन्धमा ।**

नेपाल नगरपालिका संघ संपूर्ण महानगर/उपमहानगर र नगरपालिकाहरुको प्रतिनिधिमूलक संस्थाको रुपमा बि.सं. २०५० सालमा स्थापना भै नगरपालिकाहरुका साझा मुद्दामा वकालती/पैरवी गर्ने समग्र नगर सरकारको क्षमता अभिबृद्धि लगायतका क्षेत्रमा योगदान दिंदै आईरहेको र नगरपालिकाहरुलाई आर्थिक गतिबिधिको केन्द्रको रुपमा विकास गर्न क्रियाशिल रहेको माननीय मन्त्रीज्यूलाई अवगतै छ । संघीय अर्थमन्त्रालय र माननीय अर्थमन्त्रीज्यूद्वारा आगामि आ.व. २०७८/८९ नीति, कार्यक्रम तथा बजेट तय गर्नका लागि विभिन्न सरोकारवाला निकायहरुसँग बैठकको आयोजना गरि राय सुझाव संकलनको कार्य भईरहेको सन्दर्भमा यस संघका तर्फबाट निम्न बमोजिमका राय सुझाब प्रस्तुत गरिएको हुँदा आ.व. आगामि आर्थिक विधेयकमा समावेश गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

१.बर्तमान संविधानको धारा ५६ अनुसार नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तहको हुने र राज्यशक्तिको प्रयोग तिनै तहका सरकारले संविधान तथा कानुन बमोजिम गर्ने प्रावधान अनुरुप संघीयता कार्यान्वयनको पहिलो अधार तिनै तहका सरकारहरुको कार्य जिम्मेवारी अनुसारको कार्यान्वयन गर्ने भएकोले मन्त्रिपरिषदबाट पारित कार्यबृस्तितिकरण, राष्ट्रिय प्राकिृतिक स्रोत तथा वित्त आयोगबाट राजश्व, रोयल्टी बाँडफाट एवं अन्तर सरकार वित्त हस्तान्तरण सिफारिस र समग्रमा कार्यबोझका आधारमा बजेट बाँडफाँटको ब्यवस्था हुनु पर्ने ।

२. स्थानीय कर अन्तरगत "सम्पत्ति कर"लाई विगतमा नगरपालिकाहरुले ब्यक्तिको घर, जग्गा बापत एकमुष्ठ रुपमा एकिकृत सम्पत्ति कर लिने गर्दा कर संकलन प्रभावकारी रहेको र जनतालाई पनि एकद्वार प्रणालीबाट कर तिर्न सहज थियो । तर प्रदेश तथा स्थानीय कर सम्बन्धि अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ का अधारमा आर्थिक ऐनले घर र घरले चर्चेको जग्गाको सम्पत्ति कर र बाँकि जग्गाको भूमिकर गरिदिँदा स्थानीय कर संकलनमा प्रतिकूल असर परेकोले एकिकृत रुपमा समग्र घर जग्गाको सम्पत्ती कर उठाउन बाधा नपर्ने बनाउनु पर्ने ।

३. बर्तमान संविधान बमोजिम घर बहाल कर स्थानीय तहको एकल अधिकारको रुपमा संबिधानको अनुसूचि-८ मा ब्यवस्था भएको हुँदा हुँदै नेपाल सरकारबाट स्थानीय सरकारले ब्यक्तिको घर बहाल लिने र संस्थागत घर बहाल कर संघ सरकारले लिने भनि गरिएको परिपत्र असान्दर्भिक मात्र नभइ असंबैधानिक भएकोले स्थानीय सरकारको मात्र एकल अधिकारको विषयलाई यस आ.ब.को निती तथा कार्यक्रम तथा बजेटमा उल्लेख गरि संविधान बमोजिमनै गर्ने ब्यवस्था हुनु पर्ने ।

४. स्थानीय तहलाई उपलब्ध गराउने राजश्व बाँडफाँट र समानीकरण अनुदान जनसंख्यालाई मात्र नभएर स्थानीय सरकार गठन हुँदाको हिमाल, पहाड, भित्री मधेस, तराई र उपत्यका भुगोललाई समेत आधार मानी उपलब्ध गराउँदा बैज्ञानिक र औचित्य पूर्ण हुने ।

५. सङ्घीय सरकारले उपलब्ध गराउने कार्यक्रम बजेट आ.ब.को उत्तरार्धमा पठाउने विगतको अभ्यासलाई निरुत्साहित गरि यस पटक देखि कार्यक्रम कार्यान्वयन गर्न सकिने समय भित्र उपलब्ध गराउने ब्यवस्था मिलाउनु पर्ने । जस्तै राष्ट्रपति शैक्षिक सुधार, खेलकूद् र स्वास्थ्यका कार्यक्रम आदि ।

६. स्थानीय तहको एकल अधिकारको प्रभावकारी कार्यान्वयन गर्न र नागरिकलाई मौलिक हकको सुनिश्चितताका लागि वित्तिय समानीकरणको रकमलाई प्राथमिकता दिँदै बढाउँदै लैजाने र शशर्त र समपुरक जस्ता अनुदानलाई घटाउँदै लैजाने निती

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

आगामि बजेट देखिनै अवलम्बन गर्नु पर्दछ । साथै विशेष गरि विद्यमान कोभिड नियन्त्रण र रोकथाममा स्थानीय तहले खेलेको भुमिकालाई मध्यनजर गरि आगामि आ.ब.मा स्थानीय सरकारको विपत जोखिम नियन्त्रण कोषकालागि विशेष बजेटको व्यवस्था गर्नुपर्ने ।

७. नगरपालिकाहरुले गत र चालु आ.व.मा सशर्त, समपूरक तथा विशेष अनुदान शिर्षका रकमहरु कोरोना महामारिका कारणले खर्च हुन नसकि फ्रिज भई योजनाहरु अलपत्र परेकोमा संघ/महासंघको सहकार्यमा ६ महिना योजना सम्पन्न गर्ने समयावधि थप गर्ने र आर्थिक दायीत्व श्रृजना भएका योजनाको रकम पठाउने भनिए पनि रकम सो जान सकेन । यस आ.व.मा समेत सोहि समस्या हुन सक्ने देखिएकोले सम्झौता भइसकेका योजनाको श्रोतको सुनिश्चितता र बहुवर्षिय योजनाहरुका लागि विशेष निती बनाउनु पर्ने ।

८. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७९ मा स्थानीय सरकारको कार्यपालिकाले स्वीकृत बार्षिक बजेटको अधिनमा रहि कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्नेछ भनिएको भएपनि SUTRA मा जम्मा १० प्रतिशत रकमान्तरको प्रावधान राखिनु अव्यवहारिक मात्र नभै ऐनको बर्खिलाफ भएकोले सो अविलम्ब मिलाउनु पर्ने ।

९. राष्ट्रिय पुनर्निमाण प्राधिरणबाट आगामि आ.ब. देखि सम्पन्न हुन बाँकि योजना र कार्यक्रम स्थानीय तहबाट संचालन गर्ने रणनिती सकारात्मक भएको र सो जिम्मा लिन स्थानीय सरकारहरु तयार रहेको भएपनि अपुरा योजना सम्पन्न गर्न आवस्यक थप बजेटको समेत व्यवस्था हनु पर्ने ।

१०. प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय सरकारबाट संचालन गरि सामाजिक संरक्षण तथा रोजगारिलाई नगरपालिकाहरुमा मूल प्रवाहिकरण गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट आगामि आ.व.मा २०० स्थानीय सरकारमा रोजगार रणनिती तयार गर्ने प्रस्ताव गरिएकोमा कमसेकम २९३ वटा नगरपालिकाहरुमा आ.व. २०७८/७९ भित्रै रणनितीक योजना तयार गर्ने व्यवस्था गरिनु पर्ने ।

११. स्थानीय सरकार अन्तरगत हाल स्वास्थ, शिक्षा, कृषी, पशु लगायत विभिन्न विषयगत कार्यालयहरु आइसकेको भएता पनि कर्मचारीहरुको तलब, भत्ता लगायत ससाना कार्यक्रम समेत सशर्त अनुदान बाट प्राप्त हुने हुँदा स्थानीयतहका अन्य कर्मचारी भन्दा भिन्नै आभास हुने र उत्त कर्मचारीहरुको उत्तरदायित्व पनि नगरपालिका प्रक्रि पूर्ण नहुने गुनासो आएकोले सम्पूर्ण कर्मचारीको सेवा, सुविधा र बृत्ती विकासका लागि एकरुपता गर्नुपर्ने ।

१२. नेपालमा कम्तीमा ५० वटा नमुना वा स्मार्ट सिटी बनाउन एक/एक अरब रुपिँया र सातै प्रदेश राजधानी वा ठूला शहरालाई मेघा सिटीको रुपमा पूर्वाधार विकास गर्न २/२ अरब रुपैँयाको विनियोजन गर्नुपर्ने ।

१३. माननीय अर्थ मन्त्रिज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न नेपाल नगरपालिका संघको सातौं अधिवेशनमा यस संघले "शहरि निती तथा नेतृत्व विकास प्रतिष्ठान"को स्थापना गर्ने अवधारणापत्र पारित गरेको र हाल सोको कार्यविधि समेत तयार भई अध्ययन, अनुसन्धान तथा नेतृत्व तथा क्षमता विकासकाका विविध गतिविधि संचालनको शुरुवात गर्न रु १ करोड बजेटको व्यवस्था गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

१४. अन्तमा, बिगतमा स्थानीय सरकारका तिन वटै संघ/महासंघलाई नेपाल सरकारको रातो किताबमा ५०/५० लाख रुपैयाँ बजेट विनियोजन गरी उपलब्ध गराइएको र संघ/महासंघले सो बाट विविध क्रियाकलापहरु संञ्चालन गर्दै आएकोमा स्थानीय निर्वाच पूर्व सो रकम कटौती भएको अवगत गराउन चाहान्छौं । संघ/महासंघहरुको बढ्दो भूमिकाबाट स्थानीय सरकारको सवलिकरण र तिनै तहका सरकारहरु विच सहकार्य र समन्वयमा थप योगदान पुग्ने हुँदा आगामि आ.व.को बजेटमा न्यूनतम १/१ करोड रातो किताबमै विनियोजन गराउन विशेष अनुरोध गर्दछौं ।

...........................
अशोक कुमार ब्याञ्जु
अध्यक्ष

**बोदार्थ :** प्रदेश संयोजकज्यू (सातै प्रदेश), नेपाल नगरपालिका संघ